चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**अनुसूची २**

## चुलाचुली गाउँपालिकाको

# राजपत्र

| |
|---|
| खण्ड- ऐन संख्या,९ **प्रमाणिकरण मिति** २०७५/१०/१५ |

**भाग-१**

## चुलाचुली गाउँपालिकाद्वारा जारी

# चुलाचुली गाउँपालिकाको, कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७५

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

# चुलाचुली गाउँपालिकाको, कृषि तथा पशुपन्छी
# उत्पादन र व्यवस्थापन ऐन, २०७५

**प्रस्तावना :**
नेपाल कृषि प्रधान मुलुक भएकाले जनसंख्याको ठुलो हिसा कृषिमा निर्भर रहेको यथार्थलाई दृष्टिगत गरी चुलाचुली गाउँपालिका भित्रको कृषि उत्पादन र पशुपंछी पालन व्यवसायलाई व्यवसायिकरण गर्दै, कृषि उत्पादनमा प्रयोग गरिने रसायनिक मल र किटनासक औषधिको प्रयोगले माटोको उर्वरा शक्तिमा आएको ह्रास एवं मानव स्वास्थ्यमा पर्दै आएको गम्भिर असर र आम चुलाचुलीवासी जनताको गुनासो समेतलाई ध्यानमा राखी त्यस्तो रसायनिक मल र किटनासक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक मल तथा पाङ्गारिक मललाई प्रोत्साहित गरी स्थानीय प्रजातिका वीउवीजन र पशुपंछीलाई संरक्षण, सम्बर्द्धन र उत्पादन गर्ने र आधुनिक यान्त्रीक उपकरणहरुलाई प्रयोग गर्ने लक्ष्यका साथ कृषि उत्पादन सहित पशुपंछी पालन व्यवसायलाई थप व्यवस्थीत गर्दै कृषिलाई आय मुलक, व्यवसाय मूलक र सम्मानित तथा मर्यादित व्यवसायको रुपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुर्याउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ र धारा २२६ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम चुलाचुली गाउँपालिकाले यो "कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७५" गाउँ सभाबाट पारित भई जारी गरिएको छ ।

## परिच्छेद –१
### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः यो ऐनको नाम **"कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७५"** रहेको छ ।
२. यो ऐन चुलाचुली गाउँ सभाबाट पारित भई राजपत्रमा प्रकासन भएको मितिवाट लागू हुनेछ ।
३ .परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "कृषि उत्पादन" भन्नाले अन्न, फलफूल ,तरकारी, मशला जन्य, जडिबुटी जन्य, दुध तथा दुग्ध जन्य पदार्थ, माछा मासु जन्य वस्तु, उत्पादनका साथै अण्डा, चल्ला, पाठा, पाठी, माहुरी लगायतका उत्पादनलाई जनाउने छ ।

ख) "व्यवसायिक" भन्नाले नाफाको उधेश्यवाट उत्पादन गरिने कृषि जन्य व्यवसाय गर्ने कृर्षक वा सो सम्बन्धी संस्थालाई बुझाउनेछ ।

ग) "स्थानिय प्रजाति" भन्नाले परम्परादेखि खास जाति वा समुदाय विशेषले संरक्षण गर्दै आएका, आफ्नै वंशाणुगत गुण भएका तथा वर्ण शंकर प्रजातिसँग संक्रमण नगरिएका अन्न, तरकारी तथा फलफूल, बाली एवं पशु पन्छी जस्ता वस्तुहरुलाई जनाउनेछ ।

घ) "संस्था" भन्नाले समुह, सहकारी, फारम, ,कम्पनी, उद्योग समेतलाई जनाउने छ ।

## परिच्छेद –२
### कृषि उत्पादनको बर्गीकरण र व्यवसायिकरण

४. कृषि उत्पादनको बर्गीकरणः (१) सामान्य तया कृषि उत्पादनलाई देहाय बमोजिम बर्गीकरण गरिनेछ :–

(क) अन्न उत्पादन : सवै प्रकारका अन्नबालीहरु,
(ख) तरकारी उत्पादन : सवै प्रकारका तरकारीबालीहरु,
(ग) फलफूल उत्पादन :सवै प्रकारका फलफूलबालीहरु,
(घ) माछा उत्पादन : सवै जातका माछाहरु,
(ङ) अण्डा तथा कुखुराको मासु उत्पादन : सवै जातका कुखुरा एवं अण्डा चल्ला आदि,
(च) पन्छी जन्य उत्पादन : हाँस, कुखुरा, वट्टाई, चल्ला, टर्की, अस्ट्रीज, तिगा, आदि ,
(छ) पशु जन्य उत्पादनः गाई, भैसी, खसी ,बाख्रा, वंगुर, आदि,
(ज) दुग्ध जन्य उत्पादन : दुध तथा दुधका परिकारहरु,
(झ) मासु जन्य उत्पादन : मासु जन्य परिकारहरु,

(ञ) जडिबुटि उत्पादन : सवै प्रकारका जडिबुटिहरु ,

(ट) मसलादार बस्तु उत्पादन : सवै प्रकारका मशलादार बस्तुहरु ।

(ठ) मह उत्पादन : सबै प्रकारका माहुरी द्वारा उत्पादित मह

(२) माथि दफा (१) बाहेक गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी थप वर्गिकरण गर्न सक्नेछ ।

५. कृषिको व्यबसायिकरण : (१) मुनाफा लिने गरी व्यवस्थित रुपमा उत्पादन गरिने कृषि व्यबसायलाई व्यवसायिक कृषि भनिनेछ

(२) व्यबसायिक कृषिलाई प्रोत्साहन गर्न गाउँपालिकाले निम्न बमोजिमका कार्यहरु गरीनेछ :

(क) निःशुल्क तालिम ,

(ख) निःशुल्क कृषि अध्ययन अवलोकन भ्रमण ,

(ग) जमिनको गुणस्तर सूधारमा सहयोग ,

(घ) सिँचाईको व्यवस्थापन ,

(ङ) आधुनिक कृषि औजार उपकरणमा सहयोग र उपलव्धता ,

(च) वजारीकरणको सहायता र व्यवस्थापन ,

६. पशुपन्छिजन्य तथा माछा मासु उत्पादन सम्बन्धी व्यवस्था : (१) दुध, मासु र अन्य प्रयोजनका लागी उत्पादन गरिने पशुहरुका लागि देहाय बमोजिम व्यवस्था गरिने छ : –

(क) पशुपालक कृषकहरुले गोठ र घाँसको लागि पर्याप्त जमिनको व्यवस्था गनुपर्नेछ

(ख) माछा पालक कृषकहरुले समुचित मात्रामा पोखरीको व्यवस्थापन गर्नुपर्नेछ ।

(ग) पशु पंन्छी तथा माछाको संख्या र परिमाण वृद्धि हुदै गएमा गोठ, घाँस र पोखरीको लागी थप जमिनको व्यवस्थापन गर्दै जानु पर्नेछ ।

(२) समय समयमा गाउँ कार्यपालिकाले तोकेका अन्य व्यवस्थाहरुलाई समेत पालना गर्नुपर्नेछ ।

७. फलफूल तथा अन्नबाली सम्बन्धी व्यवस्था : व्यवसायिक रुपमा फलफूल तथा अन्नबालि उत्पादन गर्न चाहने किसानहरुले माटो सुहाउदो पर्याप्त जमिनको व्यवस्था गनुपर्नेछ ।

८. जडिबुटी उत्पादन तथा प्रशोधन सम्बन्धि व्यवस्था : (१) जडिबुटि उत्पादन तथा प्रशोधन गर्न चाहने किसानहरुले देहाय बमोजिमको व्यवस्था गनुपर्नेछ ।

(क) माटो सुहाउदो पर्याप्त जमिनको व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक वा बनको जमिनमा जडिवुटी उत्पादन, व्यवस्थापन, संरक्षण र उपभोग गर्न गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

(ग) जडिबुटी संकलन र प्रशोधन गर्न चाहने किसानहरुको लागि आवश्यक सहयोग गर्नेछ ।

(२) समय समयमा गाउँ कार्यपालिकाले तोकेका अन्य व्यवस्थाहरुलाई समेत पालना गर्नुपर्नेछ ।

९. पशुपंछी पालनबाट अरुलाई असर गर्न नहुने : (१) पशु पंछीपालनबाट अरुलाई असर नहुने गरी देहायका व्यवस्थाहरु गर्नुपर्नेछ :

(क) पशुपन्छी पालनबाट निस्कने गोबर, सुली वा अन्य फोहर पदार्थको समुचीत व्यवस्थापन गर्नुपर्नेछ ,

(ख) पशुन्छीबाट निश्कासीत हुने मलमुत्रले दुर्गन्ध हुने भएमा सो को व्यवस्थाप आफैंले अनिवाय गर्नु पर्नेछ

(ग) पशुपन्छीलाई छाडा छाड्न पाईने छैन ,

(घ) पशुपन्छीहरुबाट आउने आवाजले सकेसम्म अरुलाई असर पार्न पाइने छैन,

(ङ) स्वच्छ र सफा बातावरणको निर्माण गरी, अरु कसैलाई असर नपुग्ने गरी पशु पंछीको पालन र व्यवस्थापन गनुपर्दछ ।

(च) आफू र अरुलाई असर पार्ने गरी अरुको जमिनमा पशु बधशाला र पशु चिहान बनाउन पाईने छैन ।

(छ) छाडा छोडिएका पशुहरुलाई नियन्त्रण गर्न प्रत्येक वडामा कान्जि हाउस (ढार्ट) निर्माण गर्नेछ ।

(२) समय समयमा गाउँ कार्यपालिकाले तोकेका अन्य व्यवस्थाहरुलाई समेत पालना गर्नुपर्नेछ ।

## परिच्छेद –३

### स्थानिय प्रजातिको संरक्षण र क्षेत्र निर्धारण

१०. स्थानीय प्रजातिको संरक्षणः (१) स्थानिय प्रजातिको संरक्षणको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरीनेछ :

(क) स्थानीय प्रजातिका अन्नवालि, तरकारी बाली, बिऊ विजन, फलफुल तथा कन्दमूल एवं पशु पन्छीहरुको उत्पादन, संरक्षण र सर्म्वधनका लागि प्रोत्साहन गरिने छ ।

(ख) स्थानिय प्रजातिहरुको अध्ययन अनूसन्धानलाई प्रोत्साहीत गरीनेछ ।

(ग) स्थानिय प्रजातिहरुको अध्ययन गरिएको भए तिनको संरक्षण गरिनेछ ।

(घ) स्थानिय प्रजातिहरुको सूचीकृत गरी अभिलेखिकरण गरिनेछ ।

(ङ) सूचिकृत गरिएका विषयलाई वौद्धिक सम्पत्तिको रुपमा संरक्षण गरिनेछ ।

(२) समय समयमा गाउँ कार्यपालिकाले सो बाहेक अन्य व्यवस्था समेत गर्न सक्नेछ ।

११. क्षेत्र निर्धारण र मापदण्ड : (१) कृषी उत्पादनको क्षेत्र निर्धारण र मापदण्ड देहाय बमोजीमको हुनेछ :

(क) कृषि उत्पादनको व्यबसायिकरणका लागि क्षेत्र निर्धारण गरिनेछ ।

(ख) क्षेत्र निर्धारण निम्न बमोजिम हुनेछ :

१. अन्न उत्पादन क्षेत्र :

(क) अन्न उत्पादन क्षेत्र (सुपर जोन)

(ख) अन्न उत्पादन विशेष क्षेत्र (जोन)

(ग) अन्न उत्पादन (पकेट क्षेत्र)

२. फलफूल उत्पादन क्षेत्र :

(क) सुपर जोन

(ख) जोन

(ग) पकेट क्षेत्र

३. मासु उत्पादन क्षेत्र :

(क) सुपर जोन

(ख) जोन

(ग) पकेट क्षेत्र

४. दुध र दुध जन्य वस्तु उत्पादन क्षेत्र :

(क) सुपर जोन

(ख) जोन

(ग) पकेट क्षेत्र

(२) सुपरजोन, जोन तथा पकेट क्षेत्र निर्धारण सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा मात्र गरिनेछ र सो को क्षेत्रफल संघीय कानुन बमोजिम गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१२) निर्धारित क्षेत्रको लागि सहायता र सहयोग : (१) गाउँपालिकाले निर्धारित क्षेत्रको लागि देहाय बमोजिमको सहायता र सहयोग गर्न सक्नेछ:

(क) वाटो निर्माण,

(ख) विधुत सुविधा ,

(ग) सिँचाई प्रवन्ध,

(घ) माटोको परिक्षण सम्वन्धी सुविधा

(ङ) तालिम तथा औजार,उपकरण सहायता र उपलव्धता,

(च) ज्ञान, सीप, प्रविधिको पहुँच तथा विकास

(छ) अध्ययन अवलोकन भ्रमण

(ज) प्राविधिक तथा विशेषज्ञ सेवा

(झ) भण्डारण सूविधा

(२) समय समयमा गाउँ कार्यपालिकाले सो बाहेक अन्य सहायता र सहयोग गर्न सक्नेछ ।

## परिच्छेद –४

### कम्पनी वा फर्मको दर्ता खारेजी

१३) दर्ता सम्बन्धी व्यवस्था : (१) व्यवसायिक वा सामान्य रुपमा व्यवसाय गर्न चाहने कृषकहरुले गाउँपालिकामा प्रचलित कानून र यो ऐनको अधिनमा रही अनुसुची १ को ढाँचामा फर्म , कम्पनी, उद्योगको सुची दर्ता तथा फार्म दर्ता गर्न आवेदन दिनुपर्नेछ ।

(२) दर्ता गर्न आउने फर्म, उद्योगलाई अधिकार प्राप्त अधिकारीले ७ दिन भित्र आवश्यक जाँचबुझ गरी तोकिएको अनुसुची २ को ढाँचामा दर्ता प्रमाणपत्र दिईनेछ ।

(३) दर्ता गर्न नमिल्ने देखिएमा सम्वन्धित व्यक्ति, फर्म, कम्पनीलाई जानकारी गराई गाउँपालिकाको अध्यक्षलाई वोधार्थ दिनुपर्ने छ ।

(४) पहिला दर्ता भई संचालन भएका फर्म, कम्पनी वा उद्योगले सूचीकृत हुन अनुसुची ३ को ढाँचामा आवेदन गर्नुपर्नेछ ।

(५) सूचीकृत हुन आउने फर्म, कम्पनी वा उद्योगको आवश्यक जाँचबुझ गरी अनुसुची ४ को ढाँचा बमोजिम सुचिकृत भएको प्रमाणपत्र दिईनेछ ।

१४. दर्ता खारेजीः (१) देहाय अवस्थामा दर्ता वा सुचिकृत भएको फर्म, उद्योग, वा कम्पनीको दर्ता वा सूची दर्ता खारेजी हुनेछ :

(क) वार्षिक नविकरण गर्नुपर्नेमा ३ वर्ष सम्म नविकरण नगरेमा,

(ख) आम्दानी तथा खर्चको लेखा परिक्षण नगराएमा,

(ग) अनुमति लिएको ठाँउ वा मापदण्ड बाहिर गई व्यवसाय संचालन गरेमा,

१५. यस ऐनको व्यवस्था विपरीत कसैले पशु पन्छी उत्पादन तथा व्यवस्थापनको कार्य गरेको भनी कसैको उजुर परेमा वडा कार्यालय वा गाउँपालिकालाई जानकारी हुन आएमा ३५ दिन भित्र अनुमति लिएको ठाँउमा वा मापदण्ड भित्र रहि व्यवसाय संचालन गर्नु भनी लिखित रुपमा आवश्यक निर्देशन दिनु पर्नेछ । सो निर्देशन अटेर गरेमा दर्ता खारेज गर्न सक्नेछ तर दर्ता खारेज गर्नु अघि कारबाहीका क्रममा सफाईको मौका प्रदान गर्नुपर्नेछ ।

१६) पुनरावेदन : दर्ता खारेजी तथा अन्य कारवाहि उपर चित्त नबुझ्ने पक्षले गाउँ कार्यपालिकाबाट सो सम्बन्धमा गठन गर्ने ५ सदस्यीय पूनरावेदन समिति समक्ष ३५ दिन भित्र पूनरावेदन गर्न सक्नेछ । पूनरावेदन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद– ५

### कर तथा विघठीत फर्म वा कम्पनीको सम्पत्ती

१७) कर नीति : (१) व्यवसायिक कृषि उत्पादनका लागी देहाय बमोजिम कर नीति अबलम्बन गरिने छ :–

(क) आयतमा  निर्यात कर सम्बन्धमा संघिय र प्रदेश कानूनले निर्देश गरे बमोजिम व्यवस्था गरिनेछ ।

(ख) विमाको प्रिमियममा ७५ प्रतिशत अनुदान,

(२) गाउँ सभा वा गाउँ कार्यपालिकाले समय समयमा यस सम्बन्धी कर नीतिलाई परिवर्तन गर्न सक्नेछ ।

१८) घाटा नाफा बहन गर्नुपर्ने : सहकारी संस्था बाहेक अन्य व्यवसायिक फर्म, उद्योग, वा कम्पनीहरु विगठन हुदा नाफा घाटा सेयर सदस्यले व्यहोर गर्नुपर्नेछ । अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

१९) खारेजी र बचाउ : यस भन्दा अगाडी यस सम्बन्धमा भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ

अनुसुचि १
दफा १३ को उपदफा १ संग सम्बन्धित

श्री गाउँपालिका अध्यक्ष ज्यू,
चुलाचुली गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय ,चुलाचुली, इलाम

विषय :.............................................

हामीले /मैले तपशिल विवरणमा उल्लेख भएको ..................... खोल्ने मनसाय गरी यो आवेदन पेश गरेको छु । हामीलाई /मलाई ..............................खोल्न अनुमति/सिफारीस गरिदिनु हुन अनुरोध गर्दछु ।

आवस्यक काजजातहरु
१ जमिनको अवस्था(लिजमा भए सम्झौता,निजि भए धनिपुर्जा)को फोटो कपी
२ संचालन नियम विधानको प्रतिलिपि
३ नमुना प्याड
४ नमुना लोगो / छाप विवरण
५ सामूहिक निर्णय प्रतिलिपि
६ सवै सदस्यहरुको नागरीकताको प्रतिलिपि
७ वातावरणीय हिसाबले असर नपर्ने भनि वडा कार्यालयबाट भएको सर्जिमीन मूचुल्का

निवेदकको
नामः
ठेगाना :
किसिम (र्फाम ,उद्योग, कम्पनी, ट्रष्ट) :.......
चल पूजी रु .......................
अचल पूजी रु.......................

अनुसुचि २

परिच्छेद ४ को दफा १३ को २ संग सम्बन्धित

प्रमाण पत्र

यस चुलाचुली गाउँपालिकामा विधिवत रुपमा दर्ताहुन आएको यस संस्थालाई चुलाचुली गाउँपालिकाको कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७५" दफा १३ (२) बमोजिम संस्था संचालनको अनुमतिका लागि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

नामः

ठेगानाः

विवरणः

किसिमः

चल अचल पुजीः

दर्ता भएको मितिः

आज्ञाले

...............................

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि ३
दफा १३ को उपदफा ४ संग सम्बन्धित

श्री गाउँपालिका अध्यक्ष ज्यू ,
चुलाचुली गाउँपालिका ,
गाउँ कार्यपालिकाको कार्यालय ,चुलाचुली, इलाम

विषय : सुचिकृत सम्बन्धमा ,

हामीले /मैले.................................................नामको फार्म, उद्योग, ट्रष्ट मिति .......................बाट ........................कार्यालयका विधिवत दर्ता भई संचालन गर्दै आएका छौ /छु मेरो / हाम्रो .....................लाई यस गा.पा.मा सूचिकृत गरिदिनु हुन अनुरोध गदर्छौ /छु ।
मेरो / हाम्रो............................को विवरण निम्न अनुसार उल्लेख छ ।

आवस्यक काजजातहरु
१ फार्म, उद्योग, ट्रष्ट को नाम :
२ दर्ता भएको मिति र कार्यालय :
३ संचालन भएको स्थान र ठेगाना :
४ नविकरण मिति :
५ लागत पूजि .रु........... चल पूजि रु......... अचल पूजी रु ..............
६ अघिल्लो वर्षको लेखापरिक्षण प्रतिवेदन

निवेदक
नाम :
ठेगाना:
फोन नं. :
ईमेल :
पद :

अनुसुचि ४
परिच्छेद ४ को दफा १३ को ५ संग सम्बन्धित

प्रमाण पत्र

.......................................कार्यालयमा मिति ..............................मा विधिवत दर्ता भई यस चुलाचुली गाउँपालिकामा सूचीकृत हुन आएको कृषिसँग सम्बन्धित ..........................................................नामको समूह, फर्म, उद्योगलाई चुलाचुली गाउँपालिकाको कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७५" दफा १३ (५) बमोजिम सूचिकृत गरि यो प्रमाण पत्र उपलब्ध गराइएको छ ।

नामः
ठेगानाः
किसिम विवरणः
दर्ता भएको मितिः
दर्ता भएको स्थानः
दर्ता भएको कार्यालयः
दस्तखत
नामः
पदः

आज्ञाले
................................
प्रमुख प्रशासकीय अधिकृत